# अनुसुची-२
(दफा ४ तथा अनुसुची-१ को भाग-१ सँग सम्बन्धित)

**दिपायल सिलगढी नगरपालिका**

**स्थानिय राजपत्र**

**वर्ष : ७ (दिपायल सिलगढी) संख्या : २६ मितिः २०८३/०३/३१**

**भाग-२**
**दिपायल सिलगढी नगरपालिका**

**नगर सभा बैठकबाट पारित मिति : २०८३/०३/०७**
**प्रमाणिकरण मिति : २०८३/०३/३१**

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य र अधिकार ऐन, २०८३

**प्रस्तावना :** नेपालको संविधान धारा ३८(२) द्वारा प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धि हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न र यस सेवालाई उपलब्ध, पहुँचयोग्य, स्वीकार्य र गुणस्तरिय बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ अनुसूची ८ र अनुसूची ९ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम दिपायल सिलगढी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०८३"** रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** **"आकस्मिक प्रसुति सेवा"** भन्नाले गर्भावस्था, प्रसुति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबिसै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ ।

**(ख)** **"आधारभूत आकस्मिक प्रसूति सेवा"** भन्नाले एनटिवायोटिक, म्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको साल निकाल्ने, औजार (भ्याकुम) समेतको मद्दतले शिशु जन्माउने र गर्भपतन भएकोमा पाठेघर सफा गर्ने जस्ता आधारभूत सेवा सम्झनु पर्छ ।

**(ग)** **"उप-प्रमुख"** भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

**(घ)** **"गर्भपतन"** भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रूपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

**(ङ)** **"गर्भनिरोध"** भन्नाले डिम्ब निष्काशन, शुक्रकिट र डिम्ब निसेञ्चन वा डिम्बारोपनका सामान्य प्रक्रियामा अवरोध उत्पन्न गरी गर्भ रहन नदिने उपाय सम्झनु पर्छ ।

**(च)** **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अर्न्तगत बनेको नियम, निर्देशिका/कार्यविधिमा तोकिएको वा तोकिए बामेजिम सम्झनु पर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनु पर्छ ।

**(ज)** **"परिवार नियोजन"** भन्नाले कुनै गर्भनिरोधको साधन प्रयोग गरी वा नगरी आफुले चाहे अनुसारको सन्तानको संख्या वा गर्भान्तर निर्धारण गर्ने योजना सम्झनु पर्छ ।

**(झ)** **"प्रचलित कानून"** भन्नाले नेपाल सरकारवाट बनेका कानूनहरु (ऐन, नियम, निति, निर्देशिका, कार्यविधी आदी) सम्झनु पर्दछ ।

**(ञ)** **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

**(ट)** **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**(ठ)** **"प्रसुतिकर्मी"** भन्नाले गर्भवती महिलाको प्रसुति गराउने कार्य गर्ने तालिम प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(ड) **"प्रजनन स्वास्थ्य अधिकार"** भन्नाले दफा ३ बमोजिमको अधिकार सम्झनु पर्छ ।

(ढ) **"विपद"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद सम्झनु पर्छ ।

(ण) **"विपद व्यवस्थापन"** भन्नाले विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य र विपद पुनर्लाभसंग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(त) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी, गैरसरकारी, सामुदायिक वा निजी स्तरबाट संचालित अस्पताल, नर्सिङ्ग होम, मेडिकल कलेज वा स्वास्थ्य प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा समुदाय स्तरमा स्वास्थ्य प्रदान गर्ने अन्य प्रणाली वा अन्य कुनै नामबाट सन्चालित स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(थ) **"सुरक्षित गर्भपतन सेवा"** भन्नाले गर्भपतन गर्नका लागि दफा १८ बमोजिम गर्भपतन सम्झनु पर्छ ।

(द) **"सुरक्षित मातृत्व"** भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा यस ऐन बमोजिम उपलब्ध गराईने मातृत्व सेवा सम्झनु पर्छ ।

(ध) **"स्वास्थ्यकर्मी"** भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(न) **"समिति"** भन्नाले यस ऐनको दफा २९ बमोजिमको समिति सम्झनु पर्छ ।

(प) **"सेवाग्राही"** भन्नाले यौन तथा प्रजनन स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(फ) **"सेवा प्रदायक"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट यौन तथा प्रजनन स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालीम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र समुदायिक स्वास्थ्य कार्यकर्ता र सम्बन्धित निकायबाट अनुमति लिई प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

## परिच्छेद २
## प्रजनन स्वास्थ्य अधिकार

३. **प्रजनन स्वास्थ्य अधिकार :** (१) प्रत्येक व्यक्तिलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि सेवा परामर्श तथा सूचना प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) प्रत्येक व्यक्तिलाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक हुनेछ.।

(४) प्रत्येक व्यक्तिलाई गर्भान्तर वा सन्तानको संख्या निर्धारण गर्ने अधिकार हुनेछ ।

(५) प्रत्येक व्यक्तिलाई गर्भ निरोधका साधनको सम्बन्धमा जानकारी पाउने र सोको प्रयोग गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक व्यक्तिलाई यस ऐन बमोजिम गर्भपतन सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(७) प्रत्येक व्यक्तिलाई गर्भवती तथा सुत्केरी र प्रजन स्वास्थ्य रुग्नताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने अधिकार हुनेछ ।

(८) प्रत्येक व्यक्तिलाई प्रसुतिकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसुति सेवा, सुत्केरी पश्चातको गर्भ निरोध सेवा पाउने अधिकार हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई आकस्मिक प्रसुति सेवा, आधारभूत आकस्मिक प्रसुति सेवा, बृहत आकस्मिक प्रसुति सेवा, नवजात शिशुको लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने अधिकार हुनेछ ।

(१०) प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रुपले पाउने अधिकार हुनेछ ।

(११) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार हुनेछ ।

(१२) प्रत्येक व्यक्तिलाई विवाहको लागि मञ्जुरी तथा विवाहमा समान अधिकार हुनेछ ।

(१३) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी समानता तथा अविभेदको अधिकार हुनेछ ।

(१४) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी हानिकारक प्रचलनहरूबाट मुक्ती पाउने अधिकार हुनेछ ।

(१५) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी यातना वा अन्य कुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाँय विरुद्धको अधिकार हुनेछ ।

(१६) प्रत्येक व्यक्तिलाई यौन र प्रजनन स्वास्थ्य शिक्षा र परिवार नियोजन सम्बन्धी सुचनाको पहुँचको अधिकार हुनेछ ।

(१७) प्रत्येक व्यक्तिलाई यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाविरुद्धको अधिकार हुनेछ ।

(१८) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी वैज्ञानिक प्रगतिको उपभोगको अधिकार हुनेछ ।

(१९) प्रत्येक व्यक्तिले प्राप्त गरेको प्रजनन स्वास्थ्य सेवा र सो सम्बन्धि सूचना गोप्य रहनेछ ।

४. **विपद लगायत अन्य मानवीय संकटको समयमा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने :** (१) प्रत्येक व्यक्तिलाई विपद लगायत अन्य मानवीय संकटको समयमा पनि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवाहरु पाउने अधिकार हुनेछ ।

(२) दफा ३ मा उल्लेखित प्रजनन स्वास्थ्य अधिकारहरुलाई विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनको हरेक चरणहरुमा प्राथमिकतामा राख्नु पर्दछ ।

## परिच्छेद ३

## सुरक्षित मातृत्व तथा नवजात शिशु

५. **गर्भवती सेवा प्राप्त गर्ने अधिकार :** (१) प्रत्येक व्यक्तिलाई स्वास्थ्य संस्थामा गई आफू गर्भवती भए वा नभएको जाँच वा परीक्षण गर्न पाउने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा लिन आउने गर्भवती महिलालाई सम्बन्धित स्वास्थ्य संस्थाले देहाय बमोजिमका गर्भवती सेवा प्रदान गर्नु पर्नेछः-

(क) सामान्य गर्भावस्थामा कम्तीमा आठ पटक स्वास्थ्य जाँच गर्ने,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेकका तोकिएका अवस्थामा चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीको सल्लाह बमोजिम स्वास्थ्य जाँच गर्ने,

(ग) स्वास्थ्य स्याहार सम्बन्धी समुचित परामर्श प्राप्त गर्ने,

(घ) गर्भावस्थामा अवलम्बन गर्नुपर्ने सुरक्षाका उपाय तथा न्यूनतम सेवा पाउने ।

६. **प्रसूति सेवा प्रदान गर्नु पर्ने :** (१) प्रसूति सेवा प्रदान गर्ने सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्नको लागि दक्ष प्रसूतिकर्मी, स्वास्थ्यकर्मी वा सो नभए अन्य तालिम प्राप्त स्वास्थ्य स्वयमसेविकाको व्यवस्था गर्नु पर्नेछ ।

(२) नगरपालिकाले तोकेको मापदण्ड पूरा गरेको सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) अन्तर्गतको सेवा प्रदान नगरेमा त्यस्तो स्वास्थ्यकर्मीलाई नसिहत दिईनेछ । सोही कार्य दोहोरिएमा ३ महिनासम्मको लागि निलम्बन गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको कसूरको उजुरी समितिमा गर्न सकिनेछ । समितिले सम्बन्धित स्वास्थ्यकर्मीलाई उपदफा (३) बमोजिम कारवाही गर्न स्पष्टीकरण पेश गर्ने मौका दिनु पर्नेछ ।

७. **आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा :** (१) प्रसूति सेवा प्रदान गर्ने सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नु पर्नेछ ।

(२) नगरपालिकाले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका स्वास्थ्य संस्थाले आफूले सेवा प्रदान गर्दा आइपर्ने जटिलताको व्यवस्थापन गर्न नसकेमा सम्भव भएसम्म सरकारी वा सामुदायिक स्वास्थ्य संस्थामा र सम्भव नभएमा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थामा प्रेषण (रेफर) गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रेषण (रिफर) भई आएका गर्भवती, सुत्केरी वा नवजात शिशुसँग सम्बन्धित स्वास्थ्य जटिलताको व्यवस्थापन गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

(५) आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको अवस्थाका गर्भवती महिलाहरूका लागि तोकिए बमोजिमको आराम स्थलको व्यवस्था गर्नु पर्नेछ ।

८. **नवजात शिशुको स्वास्थ्य स्याहार :** प्रसूति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिम नवजात शिशुको स्वास्थ्य स्याहार सम्बन्धी व्यवस्था गर्नु पर्नेछ ।

९. **शिशुको जन्मको अभिलेख राख्नु पर्ने :** (१) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको आधारमा स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको बाबु वा आमाको नाम राखी बाबु वा आमालाई शिशु जन्मेको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले मृतक शिशु तथा गर्भपतन भएका तथा गराएका महिलाको सङ्ख्या समेत खुल्ने गरी अभिलेख गर्नु पर्नेछ।

(४) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा प्रसुति सेवाको लागि आएका गर्भवती महिलाको मृत्यु भएमा त्यस्तो महिलाको अभिलेख गर्नु पर्नेछ ।

१०. **परिवार नियोजन सेवा प्राप्त गर्ने अधिकार :** (१) प्रत्येक व्यक्तिलाई परिवार नियोजन सम्बन्धी सूचना, छनौट तथा परिवार नियोजन सम्बन्धी अन्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) परिवार नियोजन सम्बन्धी तोकिए बमोजिमको सेवा तोकिए बमोजिमको स्वास्थ्य संस्थाबाट लिनु पर्नेछ ।

(३) परिवार नियोजन सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **बलपूर्वक परिवार नियोजन गराउन नहुने :** कसैलाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा लिखित मञ्जुरी नलिई बलपूर्वक परिवार नियोजन गराउनु हुँदैन ।

१२. **बलपूर्वक गर्भ निरोधका साधन प्रयोग गराउन नहुने :** कसैलाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा मञ्जुरी नलिई बलपूर्वक गर्भ निरोधका साधन प्रयोग गराउनु हुँदैन ।

१३. **प्रसूति बिदाको अधिकार :** (१) नगरपालिकामा रहेका सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनु अघि वा पछि कम्तीमा अन्ठानब्बे दिनसम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ ।

(२) नगरपालिकामा रहेका कुनै गर्भवती महिलालाई उपदफा (१) बमोजिमको प्रसुति बिदा अपुग हुने भएमा त्यस्तो महिलाले विज्ञ चिकित्सकको सिफारिसमा बढीमा एक वर्षसम्म वेतलबी बिदा पाउने अधिकार हुनेछ ।

(३) सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दुध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(४) कुनै गर्भवती महिलाले मृतक शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा समेत उपदफा (१) बमोजिमको बिदा पाउनेछ ।

(५) सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनु अघि वा पछि पारिश्रमिक सहितको पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ ।

(६) यस दफा बमोजिमको अधिकारहरु कार्यान्वयन भए नभएको अनुगमन समितिले गर्नेछ ।

## परिच्छेद ४
## प्रजनन स्वास्थ्य सम्बन्धी व्यवस्था

१४. **प्रजनन स्वास्थ्य सम्बन्धी व्यवस्था :** (१) प्रत्येक व्यक्तिलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्रदान गर्ने अधिकार हुनेछ ।

(२) लक्षित समुहलाई स्वास्थ्य संस्था, स्वास्थ्य सेवा प्रदायक, शिक्षण संस्था, नागरिक समाज लगायतका संस्था मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिमको यौन तथा प्रजनन स्वास्थ्य सेवा सुरक्षित, सर्वसुलभ, गुणस्तरीय, प्रभावकारी र दिगो रुपमा कार्यान्वयन गर्नका लागि मिडवाईफ शिक्षा तथा सेवा सम्बन्धी मापदण्ड बनाउनेछ ।

१५. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा :** (१) प्रत्येक व्यक्तिलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धमा आवश्यक परामर्श, गर्भवती तथा प्रसुति सेवा, गर्भनिरोधक सेवा तथा पाठेघर

खस्ने समस्या लगायत प्रजनन सम्बन्धी रोगको निदान, उपचार र प्रेषण सम्बन्धी व्यवस्था निःशुल्क उपलब्ध हुनेछ ।

(२) गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको पोषण तथा उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रचलित कानून बमोजिम सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाहरु स्वास्थ्य संस्थाहरुवाट उपलब्ध हुनेछ ।

१६. **आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा :** सूचिकृत भएका प्रसुति सेवा प्रदान गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाले प्रचलित कूनन बमोजिम आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा प्रदान गर्नु पर्नेछ ।

१७. **सुरक्षित गर्भपतन :** प्रत्येक व्यक्तिलाई प्रचलित कानुन बमोजिम सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ ।

**सूचीकरण गर्ने :** (१) सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन सुचिकृत हुन चाहने नगरपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्था वा नगरपालिकाबाट इजाजतपत्र प्राप्त गरेका स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले सम्बन्धित नगरपालिका वा नगरपालिकाले तोकेको निकायमा प्रचलित कानून बमोजिम निवेदन दिनुपर्ने छ

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्रचलित कानून बमोजिमको योग्यता र मापदण्ड पुरा गरे नगरेको जाँचबुझ गरि योग्यता र मापदण्ड पुरा गरेको पाईएमा प्रचलित कानून बमोजिम सुचिकृत गरिएको प्रमाणपत्र दिनु पर्ने छ ।

(३) सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन सूचीकृत भएको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले प्राप्त सूचीकृत प्रमाणपत्र सेवा प्रवाह हुने स्थानमा सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ ।

(४) दफा (२) बमोजिम सूचीकृत गर्ने निकायले प्रत्येक वर्ष सूचीकृत स्वास्थ्य संस्थाको अद्यावधिक सूची सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

१८. **सूचीबाट नाम हटाउने :** (१) यस ऐन बमोजिम सूचीकृत भएका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले प्रचलित कानून बमोजिमको मापदण्ड पूरा नगरेमा वा प्रचलित कानून विपरीत हुने कुनै कार्य गरे गराएमा वा कार्य गर्नको लागि दुरुत्साहन गरेमा सूचीकृत गर्ने निकायले त्यस्तो स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको नाम सूचीबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाउनु अघि सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाउने गरी गरेको निर्णयमा चित्त नबुझ्ने त्यस्तो स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले त्यस्तो निर्णयको जानकारी प्राप्त भएको मितिले पैंतीस

दिनभित्र नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ र सो सम्बन्धमा त्यस्तो अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ ।

१९. **प्रजनन अङ्गमा हुने संक्रमण तथा यौनजन्य रोग :** प्रजनन अङ्गमा हुने संक्रमण, यौन प्रसारित रोगहरु तथा एच.आई.भी. र एड्स लगायतका संक्रमणको रोकथाम, नियन्त्रण, उपचार तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था र सेवा प्रदान गर्नको लागि मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२०. **बाँझोपनको रोकथाम र उपचार :** बाँझोपनको रोकथाम र उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१ **लैङ्गिक हिंसामा आधारित प्रजनन स्वास्थ्य सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले लैङ्गिक हिंसामा आधारित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्था मार्फत प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद ५
## पोषण र खोप सेवा सम्बन्धी व्यवस्था

२२. **स्तनपान प्रवर्द्धन, संरक्षण र संवर्द्धन :** (१) बच्चा जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपानको प्रवर्धनको लागि नगरपालिकाले प्रचलित कानून अनुसार व्यवस्था गर्नेछ ।

(२) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई निरुत्साहन गर्न नगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक नियन्त्रणका व्यवस्था लागु गर्नेछ ।

(३) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको प्रयोग गर्नु हुदैन र सोसंग सम्बन्धित उत्पादक, वितरक वा अन्य व्यक्तिले छापा वा विधुतिय माध्यमबाट कुनै पनि विज्ञापन वा प्रायोजन गर्न हुदैन ।

२३. **खोप सेवा प्रदान गर्नुपर्ने :** (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बालबालिका तथा महिला लगायतका व्यक्तिको रुग्णता दर वा मृत्युदर घटाउन तथा खोप सेवाको गुणस्तर वृद्धि र विस्तार गर्नका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) नेपाल सरकारले तोके बमोजिमको खोप सेवा नगरपालिका अन्तर्गतका तोकिएका सबै स्वास्थ्य संस्था मार्फत निःशुल्क उपलब्ध गराउनेछ ।

२४. **खोप सञ्चालनमा अवरोध गर्न नहुने :** कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कुनै कार्यमा कुनै किसिमको बाधा अवरोध गर्नु हुदैन ।

**२५. अनुमती लिनुपर्ने :** (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी गैर-सरकारी सामुदायिक स्वास्थ्य संस्थाले तोकेको निकायबाट अनुमती लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमती पाएका संस्थाले तोकिएको निकायमा नियमित रुपले प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद ६
## प्रजनन स्वास्थ्य प्रवर्द्धन सम्बन्धी व्यवस्थापन

**२६. सामाजिक, साँस्कृतिक अन्धविश्वास, कुरितिको निरुत्साहन :** यौन तथा प्रजनन स्वास्थ्यमा असर पार्ने सामाजिक तथा सांस्कृतिक अन्धविश्वास लगायत अन्य यौन तथा प्रजनन स्वास्थ्यका कारक तत्वहरुलाई नियन्त्रण तथा निरुत्साहन गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**२७. विद्यालय केन्द्रित प्रजनन स्वास्थ्य सेवा तथा प्रजनन स्वास्थ्य शिक्षा :** (१) बालबालिकाहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको प्रवर्द्धन गर्न, किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्य, तथा अन्य स्वास्थ्य सम्बन्धी सेवा प्रबाह गर्न, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, स्वस्थ्य जीवन शैली, व्यवहार परिवर्तन तथा मनोपरामर्श सेवा प्रदान गर्न नगरपालिकाले सरोकारवालाहरूसंग समन्वय गरी विद्यालय केन्द्रित यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धनकर्मीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएकका यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धनकर्मीको काम कर्तव्य अधिकार, नियुक्ति र सेवा सुविधा नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम सेवा संचालन गर्न प्रत्येक बिद्यालयमा कम्तिमा एक जना नर्सिङ्ग लगायत यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धनकर्मीको व्यवस्थापन गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(४) विद्यालय केन्द्रित यौन तथा प्रजनन स्वास्थ्य सेवा र शिक्षा सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्दै जानेछ ।

**२८. निःशुल्क घुम्ती अल्ट्रासाउण्ड र एम्बुलेन्स सेवा :** (१) नगरपालिकाका प्रत्येक व्यक्तिका लागि निःशुल्क घुम्ती अल्ट्रासाउण्ड सेवा र एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

## परिच्छेद ७
## स्थानीय प्रजनन स्वास्थ्य समन्वय समिति सम्बन्धी व्यवस्था

**२९. नगरपालिका प्रजनन स्वास्थ्य समन्वय समिति गठन :** (१) यस ऐनमा व्यवस्था भए बमोजिम प्रजनन स्वास्थ्य सेवा सम्बन्धी कामकारवाहीलाई प्रभावकारी बनाउन र प्रजनन स्वास्थ्य सेवाको विषयहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा नीतिगत रुपमा सल्लाह सुझाव दिन नगरपालिकामा एक स्थानीय प्रजनन स्वास्थ्य समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

(क) नगरपालिकाका प्रमुख - संरक्षक
(ख) नगरपालिकाका उप-प्रमुख - संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिका स्वास्थ्य शाखा - सदस्य

(ङ) स्वास्थ्य प्रदायक संस्था - सदस्य

(च) महिला अधिकारकर्मी - सदस्य

(छ) विपद शाखा - सदस्य

(ज) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा - सदस्य

(झ) नागरिक समाज - सदस्य

(च) नगरपालिकाको प्रजनन स्वास्थ्य कार्यक्रम फोकल व्यक्ति - सदस्य सचिव

(३) मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) समितिका सदस्यले नियामानुसार बैठक भत्ता पाउने छन् ।

(५) समितिले यौन तथा प्रजनन स्वास्थ्य र प्रजनन स्वास्थ्य अधिकारको क्षेत्रमा कार्यरत विशेषज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ८
## बजेट विनियोजन तथा अनुदान

**३०. नगरपालिकाले बजेट विनियोजन गर्ने :** (१) नगरपालिकाले आफ्नो वार्षिक बजेटमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट विनियोजन गर्दा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाले प्राप्त हुने गरी गर्नु पर्नेछ ।

## परिच्छेद ९
## विविध

**३१. भेदभाव गर्न नहुने :** कुनै पनि स्वास्थ्य संस्था वा सेवा प्रदायकले प्रजनन स्वास्थ्य सेवा लिन आएका जुनसुकै अवस्थाका सेवाग्राहीलाई निजको उत्पत्ति धर्म, वर्ण, जात जाति, लिङ्ग, समदाय, पेशा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट संक्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णता (मर्बिडिटि) को अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमका भेदभाव गर्न पाइने छैन ।

**३२. अपाङ्गता मैत्री तथा किशोरी मैत्री सेवा प्रदान गर्नु पर्ने :** (१) यस ऐन अन्तगर्त परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूती तथा नवजात शिशु, प्रजनन रुग्णता लगाएतका यौन तथा प्रजनन स्वास्थ्य सेवा अपाङ्गता भएका व्यक्तिहरुको पहुँचयुक्त तथा किशोरी मैत्री हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि नगरपालिकाले मापदण्ड निर्धारण गर्ने छ ।

**३३. गोपनियता कायम राख्नुपर्ने :** (१) ईजाजत प्राप्त स्वास्थ्य संस्था वा ईजाजत प्राप्त स्वास्थ्यकर्मीले प्रत्येक व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्यसंग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरीएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्बन्धी अभिलेख उपलब्ध गराउन सकिनेछ :

(क) कुनै मुद्दा मामिलाको अनुसन्धान तथा सुनवाइको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा,

(ख) यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्बन्धित महिलाको परिचय नखुल्ने गरी उद्धरण गर्न,

(ग) सम्बन्धीत महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेमा ।

**३४. स्वास्थ्य आपूर्ति व्यवस्थापन :** यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको निःशुल्क एवं अत्यावश्यक औषधी तथा स्वास्थ्यसंग सम्बन्धित औजार उपकरणको नियमित आपूर्तिको लागि नगरपालिकाले संघिय सरकारको समन्वयमा आवश्यक प्रणाली निर्माण गर्न मापदण्ड बनाउनेछ ।

**३५. स्वास्थ्य प्रशिक्षण, तथ्यांक, सूचना र संचार :** (१) यौन तथा प्रजनन स्वास्थ्य क्षेत्रमा सबल, सक्षम र दक्ष जनशक्तिको उत्पादन तथा विकास गर्न नविनतम प्रविधियुक्त स्वास्थ्य प्रशिक्षण सेवा विस्तार गरी नगरपालिकाले आवश्यक रणनीति, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) नगरपालिकाले स्वास्थ्य सम्बन्धी तथ्यांकको भण्डारण, सूचना र संचारको वस्तुनिष्ठ, पहुँचयोग्य, भरपर्दो र प्रविधिमैत्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम गर्नेछ ।

**३६. समन्वय तथा साझेदारी :** (१) नगरपालिकाको यौन तथा प्रजनन स्वास्थ्य सेवाको विकासका लागि नगरपालिकाले संघिय सरकारको सहमतिमा प्रचलित कानून बमोजिम अन्तराष्ट्रिय तथा वैदेशिक सहयोग समेत लिन सक्नेछ ।

(२) यौन तथा प्रजनन स्वास्थ्य सेवासंग सम्बन्धित सेवाको लागि सामुदायिक, गैरसरकारी र निजि संघ संस्थाहरुसंग साझेदारी र सहकार्य गर्ने सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) सामुदायिक, गैरसरकारी र निजि संस्थाले यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रवाह गर्नु अघि स्थानीय सरकारको अनुमति लिई प्रचलित कानून बमोजिम कार्य गर्नुपर्ने छ ।

**३७. प्रजनन् स्वास्थ्य सेवा कोष :** (१) नगरपालिकामा यौन तथा प्रजनन स्वास्थ्य सेवालाई सर्वसुलभ तथा प्रभावकारी र पहुँचयोग्य बनाउनका साथै सबै वर्ग विशेष गरि गरिब, पिछडिएका तथा अल्पसंख्यकहरुको यौन तथा प्रजनन स्वास्थ्य सेवा लिन पाउने अधिकारलाई सुनिश्चित गर्न स्थानीय सरकारले एक प्रजनन स्वास्थ्य सेवा कोष स्थापना गर्नेछ ।

(२) यस कोषलाई नेपाल सरकार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय दात्तृ संस्था तथा व्यक्ति वा अन्य कुनै स्रोतहरु संकलन गरि व्यवस्थापन गरिनेछ ।

(३) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा कोष नगरपालिकाको प्रजनन स्वास्थ्य समन्वय समितिले सञ्चालन गर्नेछ ।

(४) यौन तथा प्रजनन स्वास्थ्य सेवा कोष सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**३८. गुनासो सुनुवाई :** स्वास्थ्य संस्थामा गुनासो व्यवस्थापन, सूचना अधिकारी र नागरिक बडापत्रको व्यवस्था गर्नु पर्नेछ ।

**३९. अभिलेख राख्नु पर्ने :** प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको यौन तथा प्रजनन स्वास्थ्य सेवा, (औषधी, उपकरण, जनशक्ति उपचार आदि) तथा सेवाग्राहीको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

**४०. नियम बनाउने अधिकार :** यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

**४१. निति, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** नगरपालिकाले यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निति, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**४३. संसोधन गर्न सक्ने :** नगरपालिकाले यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निति, निर्देशिका, कार्यविधि र मापदण्डलाई संसोधन गर्न सकिनेछ ।

॥। समाप्त ॥।

आज्ञाले :

दामोदर भण्डारी

प्रमुख प्रशासकिय अधिकृत